म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २७४ २०८० भदौ १३ गते बुधबार 30 August 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-



**आँखा पाक्ने रोगबाट बच्ने उपाय**

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभीडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## समग्र राज्यको रुपान्तरण आवश्यकः जनार्द्धन शर्मा




समाज संवाददाता

हेटौँडाः नेपाल काम्युनिष्ट पार्टी ( नेकपा) माओवादी केन्द्रका उपमहासचिव जनार्द्धन शर्माले देशको आवश्यकता समग्र राज्यको रुपान्तरण भएको बताउनुभएको छ । मंगलबार प्रेस सेन्टर मकवानपुरले हेटौंडामा आयोजनमा गरेको पत्रकार सम्मेलनमा शर्माले असल संस्कार, संस्कृतिको निर्माण गर्न आवश्यक भएको बताउनुभयो । माओवादी पार्टीको मुख्य उद्देश्य देशमा भ्रष्टाचार न्यूनीकरण भएकाले अहिलेको सरकार भ्रष्टाचार न्यूनीकरणमा लागी परेको दावी गर्नुभयो ।

देशमा भ्रष्टाचारको मनोविज्ञानलाई अन्त्य गर्न जनताको साथको आवश्यकता भएकाले नेकपा माओवादी पार्टीले जनतासमक्ष पुग्ने कार्य सुरु गरेको उहाँले बताउनुभयो । केन्द्रीय बैठकको निर्णयअनुसार साउन ३२ गते सहिदहरुको सम्मानबाट "माओवादी जनताको साथमा विशेष रुपान्तरण अभियान" नाम दिएर ३ महिने कार्यक्रम सुरु गरिएको उहाँको भनाइ छ । जनतासम्म पुग्न र जनताको गुनासो सुन्न, आवश्यकता बुझ्न पार्टीले अभियान सञ्चालन गरेको उहाँले बताउनुभयो । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डदेखि पार्टीका सबैले वडाको जिम्मा लिएर वडाको जनतासँगको सहकार्य, अन्तरक्रिया, छलफल, जनसेवाका काममा केन्द्रित हुने शर्माले बताउनुभयो । पार्टी अध्यक्ष प्रचण्डले ७ वटै प्रदेशको एक-एक वटा वडामा गएर आफ्नो जिम्मेवारी पूरा गर्ने शर्माले जानकारी दिनुभयो ।

वर्तमान सरकारले गरेको काम कारबाहीहरुलाई जनतासम्म पुऱ्याउने कुरालाई पार्टीले यो अभियानमा प्राथमिकतामा राखेको बताउनुहुँदै देशमा संविधान निर्माण भएको र त्यो संविधान कार्यान्वयन गर्न जनताको साथ सहयोग चाहिने भएकाले जनताको साथमा पुग्न लागेको शर्माले धारणा राख्नुभयो । सरकारले गरेको भ्रष्टाचार बिरोधी, सामाजिक न्यायसँग सम्बन्धित कामहरु जनतामाझ पुऱ्याउने धारणा राखी जनतासम्म पार्टीको सम्बन्ध सुदृढीकरण गर्न विशेष अभियान सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

पार्टीको केन्द्रीय बैठकले पार्टीलाई विधि विधानमा चलायमान बनाउनका लागि विधान अधिवेशन गर्ने उहाँले बताउनुभयो। पार्टीले विशेष महाधिवेशनमार्फत् आठौं महाधिवेशनमा तयार पारेको खाकालाई समृद्ध गर्दै नेपाली समाजवादका विशेषताहरुलाई जनताले बुझ्ने वैचारिक र संगठनात्मक महाधिवेशनको रुपमा महाधिवेशन गर्ने निर्णय गरेको उहाँको भनाइ छ । नेपाली जनताको राष्ट्रिय नारा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुख्य मुद्दा बनाई लामो समयदेखि कार्य हुँदै आएको उहाँले बताउनुभयो । जनताको हितका लागि संविधान त बनेको तर त्यसको उपभोग गर्न जनताले नपाएकाले त्यसलाई उपभोग गर्न पाउने अवस्थामा पुग्नका लागि राष्ट्रिय आत्मनिर्भरता र समृद्धिको बाटोमा लैजानका लागि र देशको रुपान्तरण, समाज रुपान्तरण र पार्टी रुपान्तरणका लागि विशेष अभियान सञ्चालनमा ल्याएको बताउनुभयो ।

पत्रकारले सरकार लालिता निवास, भुटानी शरणार्थी काण्डहुँदै अहिले सुन प्रकरणको काण्डसम्म आउँदा आफ्ना नेता पर्ने डरले सरकार पछि हटेको हो कि भने प्रश्न गर्दा नेता शर्माले सरकार पछि नहटेको बताउँदै ललिता निवास प्रकरणमा अदालतको निर्णय कुरेर बसेको बताउनुभयो । सुन तस्करी प्रकरणमा आफ्नै पार्टीको नाम जोडिएको र आवश्यक छानविनको कार्य भइरहेको र तथ्य छानविनपछि आउने बताउँदै विशेष खालको आयोग नै गठन गरेर सबै काण्डको छानविन गरी जनतालाई प्रष्ट पार्न आवश्यक रहेको धारणा राख्नुभयो ।

## २ बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले मंगलबार २ जना बालश्रमिकलाई उद्दार गरेको छ । हेटौँडा-१० स्थित धादिङ होटेलबाट एक १५ वर्षीया बालिका र मासु पसलबाट ११ वर्षीय बालकलाई उद्दार गरिएको हो ।

उद्दार गरिएका बालबालिकालाई सिविन बालहेल्पलाइनको अल्पकालिन संरक्षणमा राखिएको छ । बालश्रमिकको उद्दार कार्यमा वडाका जनप्रतिनिधि, बालमैत्री नगर सहजकर्ता, वडा सहजकर्ता, सिविन बालहेल्पलाइन, साना हात नेपाल, सामुदायिक प्रहरी र नगर प्रहरी समेतको सहभागिता रहेको थियो ।

बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौँडा उपमहानगरपालिकाले बजारक्षेत्रमा बालश्रम प्रयोग भए नभएको अनुगमन र बालश्रम प्रयोग भएको अवस्थामा उद्दारको कार्य गर्दै आएको छ ।

## मंगलबार ९ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौँडाः २४ घण्टामा मकवानपुरमा ९ जना डेंगु पुष्टि भएको छ । मंगलबार दिउँसो स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार डेंगु पुष्टि हुनेमा ३ जना हेटौँडा उपमहानगरपालिकाका रहेका छन् ।

मंगलबार मनहरी गाँउपालिकाका ५ जना र भीमफेदी गाउँपालिकाका एकजना गरी ९ जनामा डेंगु पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका डेंगु फोकल पर्सन नवदीप सिलवालले बताउनुभयो । जिल्लाभर साउन महिनादेखि मंगलबारसम्म २ सय ९२ जनामा डेंगु पुष्टि भएको छ ।


समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np


## उपमहानगरका २० विद्यालयलाई सूचना, प्रविधि सामग्री

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाका २० वटा विद्यालयलाई उपमहानगरले सूचना/प्रविधि सामग्री हस्तान्तरण गरेको छ। गत आर्थिक वर्षमै खरिद गरिएको सामग्री उपमहानगरले मंगलबारबाट वितरण गर्न सुरु गरेको छ। विद्यालयको प्रशासनिक काममा प्रयोग गर्ने गरी विद्यालयको आवश्यकताअनुसार कम्प्युटर, प्रिन्टर र मल्टिमिडिया (प्रोजेक्टर) वितरण गरिएको छ ।

हेटौँडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाले विद्यालयका प्रधानाध्यापकलाई सामग्री हस्तान्तरण गर्नुभयो । उपमहानगरले ठेक्कामार्फत १६ लाख २५ हजार रुपैयाँमा आवश्यक सामग्री खरिद गरेर विद्यालयलाई वितरण गरेको हो ।

सामग्री हस्तान्तण गर्नुहुँदै नगर प्रमुख लामाले विद्यालयको शैक्षिक गतिविधिलाई सुधार्नेतर्फ ध्यान दिन आग्रह गर्नुभयो । सामुदायिक विद्यालयको शैक्षिकस्तर उकास्ने तर्फ सबैले ध्यान दिन जरुरी रहेको उहाँको भनाई थियो ।

## सडक विस्तारबारे प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र

समाज संवाददाता

हेटौँडाः हेटौँडा बजार क्षेत्रको सडक विस्तारका बारेमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ध्यानाकर्षण गराइएको छ। मंगलबार मकवानपुरबाट प्रतिनिधिसभाका सांसद, प्रदेश सांसद र व्यवसायीहरुको संयुक्त टोलीले प्रधानमन्त्री दाहालसँग सडक विस्तारबारे छलफल गरी ध्यानाकर्षणपत्र बुझाएको हो ।

छलफलमा प्रधानमन्त्री दाहाललाई हेटौंडाको सडक विस्तारको अवस्थाबारे जानकारी गराएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवालले बताउनुभयो । जनता, व्यवसायी कसैलाई अप्ठ्यारो नपर्नेगरी र सडक बन्ने गरी छलफल टुङ्गिएको उहाँले बताउनुभयो ।

छलफलमा प्रधानमन्त्री दाहालले हेटौंडाको सडक विस्तारको समस्यालाई सम्बन्धित मन्त्री, मुख्यमन्त्री, स्थानीय सरकार र पीडित पक्षसँग सहमति गरेर छिट्टै टुङ्याउने आश्वासन दिनुभएको उहाँले बताउनुभयो। 'प्रधानमन्त्री दाहालले हेटौंडाको सडक विस्तारमा पहिलादेखि नै आफू जानकार रहेको बताउनुभयो', अग्रवालले भन्नुभयो- 'यसअघि पनि आफूले व्यवसायीहरुले उचित मुआब्जा नपाएसम्म सडक विस्तार गर्न रोक लगाएको उहाँले स्मरण गर्नुभयो ।'

भेटमा राप्ती पुलदेखि रातोमाटेसम्म मुआब्जा नपाएका घरधनीहरुलाई तत्काल मुआब्जा दिएर सडक विस्तार सुरु गर्न भनिएको अध्यक्ष अग्रवालले बताउनुभयो । सरकारको कानुन अनुसार पाउनुपर्ने क्षतिपूर्ति पाउन माग गरिएको र यत्ति नै पाउनुपर्छ भन्ने आफूहरुले कुनै अडान नलिएको उहाँले बताउनुभयो । यसअघि सडक विभागले बिनाआधार र बिनातथ्यांक सूचना निकालेको उहाँले आरोप लगाउनुभयो ।

मकवानपुरका प्रतिनिधिसभामा निर्वाचित सांसद महेश बर्तौला, दीपकबहादुर सिंह, विन्ध्यवासिनी कंशाकार, राष्ट्रियसभाका सदस्य रामचन्द्र राई, बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य कृष्ण कुटवाललगायतले प्रधानमन्त्रीसँग सडक विस्तारबारे छलफल गरेको हो ।

## गाईको मासु खान पाउनुपर्छ भन्नेलाई कारबाही गर्न माग

समाज संवाददाता

हेटौँडाः केही दिनअगाडि सुनसरी जिल्लाको धरानमा गाईको मासु खाएको र खान पाउनुपर्छ भन्दै सामाजिक सञ्जालमा भिडियो सार्वजनिक गर्नेलाई कारबाही गर्न माग गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले ज्ञापनपत्र बुझाएको छ । मंगलबार राप्रपा मकवानपुरका कार्यवाहक अध्यक्ष सागर थापाको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख प्रशासकीय अधिकृत गुणराज न्यौपानेमार्फत् प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाएको हो ।

प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी अनुपस्थित भएपछि प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्र बुझ्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले ज्ञापनपत्रलाई प्रधानमन्त्रीसमक्ष पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो । ज्ञापनपत्र बुझाउनुहुँदै कार्यवाहक अध्यक्ष थापाले उक्त घटनाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको र उक्त अभिव्यक्ति दिनेलाई तत्काल कारबाही गर्न माग गर्नुभयो ।

बहुसंख्यक हिन्दू रहेको देशमा सनातन संस्कार मान्दै आएका सनातनी परिवारलाई खुला चुनौती दिने, हिन्दूले बनाएको मन्दिरसँगै चर्च बनाउने र त्यसले सिर्जना गर्नसक्ने सामाजिक द्वन्द्वप्रति सरोकार पक्ष र सरकारका निकायले निस्क्रियता देखाएको उहाँले बताउनुभयो । ज्ञापनपत्रमा सनातन संस्कृति मान्दै आएका परिवारहरुको आस्थाको सम्मान गर्न र समाजमा शान्तिको वातावरण कायम गर्न भनिएको छ । जिल्ला पार्टी कार्यालयबाट निकालिएको विरोध ऱ्यालीमा सहभागीहरुले धर्मनिरपेक्ष खारेज गर, हिन्दू राष्ट्र कायम गरलगायत नारा लगाएका थिए ।






### हार्दिक आमन्त्रण



जन्मः
२००२ असोज ३ गते

**स्व. तुल्सी थापा**

स्वर्गारोहणः
२०८० भदौ ८ गते

मेरा पुजनीय पति **तुल्सी थापा**को मिति २०८० साल भाद्र ८ गतेका दिन स्वर्गारोहण हुँदा हाम्रो परिवार मर्माहत छ । यस दुखद् घडीमा अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हाम्रो परिवारप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा तपसील बमोजिम **पीतृप्रसाद ग्रहण**का लागि उपस्थित भइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसील**

मितिः २०८० भाद्र १४ गते बिहिबार
स्थानः थापा निवास, हेटौँडा-११, नवलपुर (स्मारक मार्ग)
समयः दिनको २ बजेपछि

**प्रार्थी**
**श्रीमति चुन्नु थापा**





मकवानपुर जिल्ला क्रिकेट संघ


### मोटरसाइकल हराएको सूचना

मिति २०८० साल भदौ १० गते बिहान करिब ६:३० बजेको समयमा बादल तामाङको नाममा रहेको बा. प्र ०६-०१ प ९७२३ नम्बरको कालो रङ्गको २५० सिसिको ktm Duke Galvano मोटरसाइकल (चयाचिस नम्बर MD2JPEGXMC012137, इन्जिन नम्बर M–937*227637) हेटौंडा-४, pujan plaza अगाडि स्कुलरोडमा पार्किङ गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्क : ९७६५२३७३९४**

## सम्पादकीय

# ग्रामीण भेगमा स्वास्थ्य सुविधा

स्वास्थ्य सुविधा मानिसको आधारभूत अधिकार हो । नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिएको छ । प्राथमिक स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्ने सरकारी नीति पनि छ । संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय र स्थानीय सरकारको स्वास्थ्य विभागले विभिन्न रोगहरुको उपचार सेवा र सचेतनाका लागि हरेक वर्ष ठूलो धनराशि खर्च गर्दै आएको छ । तर, दुर्गम र ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा तथा सुविधा नागरिकसम्म पुग्न सकेको छैन । सेवा-सुविधाका साथै समयानुकूल स्वास्थ्य उपचार ग्रामीण भेगमा कमजोर हुँदै जाँदा नेपालीहरुको बसाईँसराइ शहर केन्द्रित भएको छ । शहरी क्षेत्रमा बढ्दो जनसंख्याका कारण रोगव्याधि पनि बढेकाले स्वास्थ्य सेवा प्रवाह सहज हुन सकिरहेको छैन । देशमा संघीय शासन प्रणाली लागू भएपछि स्वास्थ्य सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा पनि आएको छ । संघीय तथा प्रदेश सरकारसँगै स्थानीय सरकारको पनि आफ्ना नागरिकलाई सहजरुपमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्ने दायित्व बनेको छ ।

ग्रामीण भेगमा स्वास्थ्य सेवा प्रदान गर्न कठिनाइ भइरहेको अवस्थामा मकवानपुरको राक्सिराङ गाउँपालिकाले भने स्वास्थ्य उपचार सेवा दिने प्रयास गरिरहेको छ । गाउँपालिकाले आधारभूत अस्पताल निर्माणसँगै डाक्टरको व्यवस्थापन गरेर स्वास्थ्य उपचार गराउने प्रयास गरिरहेको पाइन्छ । यसै प्रयासस्वरुप गाउँपालिकाले केही दिनअघि नियुक्त गरेका डाक्टरबाट स्वास्थ्य परीक्षण कार्य सुरु भएको छ । झण्डै एक वर्षपछि राक्सिराङ गाउँपालिकाको आधारभूत अस्पतालमा डा. गजल पन्तले सोमबारबाट सेवा सुरु गरेकी हुन् । यसअघि पनि दुई जना डाक्टरले गाउँपालिकाबाटै स्वास्थ्य सेवा प्रदान गरिसकेका छन् । संघीय सरकारले दिने मेडिकल अधिकृतको सुविधा बराबर नै तलब भत्ता दिने गरी गाउँपालिकाले डाक्टर नियुक्त गरेको छ । यसअघि पनि गाउँपालिकाले सोही सेवा सुविधा दिएर डाक्टरलाई गाउँमै राखेर उपचार सेवा दिएको थियो ।

गाउँपालिकामा डाक्टर नियुक्त गरेर स्वास्थ्य उपचार सेवा प्रदान गरेसँगै गाउँपालिकाले स्वास्थ्य बीमा कार्यक्रम र स्वास्थ्य बस सेवा सञ्चालनलाई पनि प्राथमिकतामा राखेको छ । चालु आर्थिक वर्षका लागि ती कार्यक्रमलाई महत्वपूर्ण कार्यक्रमको रुपमा कार्यान्वयन गर्न लागेको हो । गाउँपालिकाले स्वास्थ्य सेवा प्रवर्द्धनका लागि २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सोही बजेटबाट चालु आर्थिक वर्षमा ५ सय परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराउने गाउँपालिकाको लक्ष्य छ । चालु आर्थिक वर्षमा गाउँपालिकाले स्वास्थ्य बस सञ्चालन गर्ने योजना अघि सारेको छ । स्थानीय बासिन्दालाई स्वास्थ्य परीक्षण गर्न उनीहरुको घरदैलोबाट गाउँपालिकाको आधारभूत अस्पतालसम्म ल्याउने र उपचारपछि घरदैलोमै पुऱ्याउने गरी स्वास्थ्य बस सञ्चालनको तयारी गरिएको हो । गाउँपालिकाले चालु आर्थिक वर्षमा स्वास्थ्य संस्थामा प्रसुती सेवा लिनेलाई ३ दिनसम्म नि:शुल्क खाना खुवाउन बजेटको व्यवस्थासमेत गरेको छ ।

गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्द्धन गरी सबै नागरिकसम्म सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहको पहुँच पुऱ्याउन नसकिएको यथार्थ हो । आम नागरिकले अपेक्षा गरेअनुरुप गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र एकरुपता कायम गर्न सरकार प्रतिबद्ध बन्नुपर्छ । स्वास्थ्य सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका थप महत्वपूर्ण हुँदै गएको छ । स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापना गर्दै नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट उपलब्ध गराउनु आवश्यक छ । राज्यको स्वास्थ्य नीतिले पनि गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु राज्यको दायित्व हुने कुरालाई स्वीकार गरेको छ । ग्रामीण भेगका नागरिकलाई कम्तिमा आफ्नै स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सबै स्थानीय तह अग्रसर बन्नैपर्छ । यसका लागि संघ तथा प्रदेश सरकारले आवश्यक सहयोग र समन्वय गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परिबन्धले आर्थिक बोझ बढ्ने समय योग छ ।
**वृष** : पारिवारीक जमघट र यात्रामा सरिक भइएला ।
**मिथुन** : प्रतिस्पर्धाका काममा सरिक भइने समय छ ।
**कर्कट** : स्वविवेकले काम गर्दा राम्रो रहने योग छ ।
**सिंह** : लेखाइ–पढाइका क्षेत्रहरु मध्यम रहलान् ।
**कन्या** : व्यापार–व्यवसाय ठिकै रहने समय छ ।
**तुला** : कार्यक्षेत्र र व्यवसाय दुवै मध्यमकारक छ ।
**वृश्चिक** : आध्यात्मिक कार्यमा सरिक भइने समय छ ।
**धनु** : कारोबारमा लगानी बढाउँदा राम्रो रहला ।
**मकर** : महत्वहीन काममा शक्ति र समय खर्च नगर्दा राम्रो ।
**कुम्भ** : अभिभावक र जीवनसाथीको माया प्राप्त हुनेछ ।
**मीन** : लक्ष्य प्राप्तिको मार्गमा सफल भइने समय योग छ ।

# कता जाँदैछन् नेपालका बैंक ?

**समग्रमा, नेपालको राजनीतिक अस्थिरताका कारण बैंकहरूको अवस्थामा समेत उतारचढाव आएको छ भने पछिल्लो समयमा बैंकमा खराब कर्जा र निष्क्रिय कर्जाले गर्दा समस्या सिर्जना हुन थालेको छ । एकातिर ब्याजदरमा उतारचढाव भइरहने, अर्कातिर निक्षेप ब्याजदर र कर्जा ब्याजदरमा देखिने अन्तरले नेपालका बैंकहरू भविष्यमा खुम्चँदै जाने कुरा स्पष्ट छ ।**

**विष्णुप्रसाद खनाल**




विभिन्न शासनकालको उतार चढावपछि आएको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको १५ वर्षपछि पनि नेपालमा बैंकहरूको संख्या केवल १ सय १२ मात्रै छ । नेपाल राष्ट्र बैंकले जारी गरेको आर्थिक वर्ष ०७९-८० को वार्षिक आर्थिक तथा सामाजिक स्थितिअनुसार नेपालमा वाणिज्य बैंकहरु २०, विकास बैंक १७, वित्त कम्पनी १७, लघुवित्त कम्पनी ५७ र १ पूर्वाधार विकास बैंक गरी बैंक तथा वित्तीय संस्थाको संख्या २०८० असार मसान्तसम्म १ सय १२ छ ।

उक्त अभिलेख हेर्ने हो भने बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या उक्त मितिसम्म ११ हजार ५ सय ८९ छ, जुन गत वर्षभन्दा १ हजार ६१ ले बढी हो । एक वर्षको विवरण हेर्ने हो भने ०७९-८० मा १२ वटा वाणिज्य बैंक मर्जर-प्राप्ति प्रक्रियामा सामेल भई ६ वाणिज्य बैंक बनेका छन् । त्यसैगरी १६ वटा लघुवित्त वित्तीय संस्था मर्जर-प्राप्ति प्रक्रियामा सामेल भएर ८ संस्था कायम भएका छन्; अर्थात् प्रत्येक महिना औसतमा एउटा बैंक मर्ज भएको अवस्था छ । शाखागत हिसाबले हेर्ने हो भने वाणिज्य बैंकको शाखा संख्या ५ हजार ४९ पुगेको छ, जुन २०७९ असार मसान्तभन्दा ४० ले बढी हो भने विकास बैंकको शाखा १ हजार १ सय २८ पुगेको छ, जुन गत वर्षको भन्दा १० ले बढी हो ।

त्यसैगरी वित्त कम्पनीको शाखा संख्या २ सय ८४ छ, जुन गत वर्षको भन्दा १७ ले बढी हो । तर, लघुवित्त वितीय संस्थाको शाखा संख्या ५ हजार १ सय २८ छ, जुन गत वर्षको भन्दा ६ ले कम हो । यसरी हेर्दा बैंक तथा वित्तीय सस्थाको संख्यामा कमी आए तापनि शाखा संख्या बढी छ, तर लघुवित्त वित्तीय संस्थाको शाखा संख्या घटेको छ। नेपालका बैंक तथा वित्तीय संस्थाहरू कहाँ पुग्दै छन् भन्ने कुराको विश्लेषण गर्न बैंकहरूको संख्यालाई मात्र अध्ययन गरेर पुग्दैन । एकातिर वाणिज्य बैंकहरूको खराब कर्जाको अनुपात बढेको छ भने आघिल्लो आर्थिक वर्षको तुलनामा अहिले सबैं बैंकको खराब कर्जा बढेको छ । बैंकहरूको खराब कर्जा १ सय २२ प्रतिशतले बढेको छ भने निष्क्रिय कर्जासमेत बढेको देख्न सकिन्छ ।

आर्थिक वर्ष ०७९-८० को सुरुमै आर्थिक मन्दी देखा परेको थियो, जसले पनि खराब कर्जा बढ्दै गयो । त्यसैगरी ब्याजदर बढेपछि ऋणीहरुले साँवा तिर्न सकेनन्, जसको परिणामस्वरुप खराब कर्जा बढ्दै गयो । खासगरी मर्जरमा गएका बैंकहरुको खराब कर्जा चुलिँदा जनमानसमा के पर्न थालेको छ भने जब बैंकहरूमा खराब कर्जा र निष्क्रिय कर्जा चुलिँदै जान्छ, तब ती बैंक तथा वित्तीय संस्था मर्ज तथा प्राप्तिमा जान थाल्छन् । कुमारी बैंकमा खराब कर्जा बढ्दै गएपछि त्यसमा एनसीसी बैंक मर्ज भएको थियो । तर, एभरेस्ट बैंकको सन्दर्भमा भने खराब कर्जा केही न्यून देखिएको छ । हिमालय बैंक, नेपाल इन्भेस्टमेन्ट बैंक, मेगा बैंक, प्राइम कमर्सियल बैंकको खराब कर्जा ४ प्रतिशतभन्दा बढी छ ।

नबिल र प्रभु बैंकको अवस्था पनि उस्तै छ । कोभिड-१९ पछि आयात अत्यधिक बढ्दा विदेशी मुद्रा सञ्चिति रित्तिँदै गएपछि सरकारले केही वस्तुको आयात रोकेको थियो । यही कारण आन्तरिक अर्थतन्त्र प्रभावित भई आर्थिक क्रियाकलाप खुम्चिएकाले पनि बैंकहरूको खराब कर्जा बढेको विश्लेषण गरिएको छ । उद्योगी-व्यापारीले उत्पादन कटौती गर्नुपर्ने र उधारो नउठ्ने समस्याका कारण समयमै कर्जा भुक्तानी गर्न नसक्दा पनि निष्क्रिय कर्जा बढेको हो । लगानीयोग्य रकमको अभावले गर्दा नयाँ ऋण प्रवाह नभएको र आर्थिक क्रियाकलाप घट्दा पुरानो नउठ्ने समस्याले पनि निष्क्रिय कर्जाको तथ्यांक बढेको देखिन्छ । बैंकको मात्र होइन, लघुवित्त संस्थाहरूको समेत खराब कर्जा बढ्दै गएको छ ।

नेपालमा सूचीकृत गरिएका हाल ५७ लघुवित्त कम्पनी छन् । एकातिर नियमनकारी निकायहरूको समन्वयको अभावमा लघुवित्तमा देखा परेका विभिन्न समस्या समाधान गर्न सकिएको छैन भने अर्कातिर यसभित्र देखिएको राजनीतिक चलखेलका कारण अधिकांश लघुवित्त संस्थाको खराब कर्जा उत्कर्षमा पुग्न थालेको छ । पछिल्लो समयमा ५० वटा लघुवित्त संस्थाले मात्र आर्थिक वर्ष ०७९-८० को वितीय विवरण सार्वजनिक गर्दै गर्दा खराब कर्जा बढ्दै गएको छ भने ऋण असुलीमा समेत समस्या देखा पर्न थालेको छ । ५० वटा लघुवित्त संस्थाको अवस्था हेर्दै गर्दा साना किसान विकास लघुवित्त वित्तीय संस्थामा खराब कर्जाको प्रतिशत ०.६१ रहेको छ भने सबैभन्दा बढी ग्रामीण विकास लघुवित्त संस्थाको खराब कर्जा प्रतिशत ९.९५ छ । यसरी हेर्दा नेपालमा लघुवित्त संस्था पनि समस्याग्रस्त हुँदै जान थालेको स्पष्ट हुन्छ ।

यसलाई समयमै सम्बोधन गर्नु आवश्यक छ। त्यसैगरी विकास बैंकहरूको खराब कर्जाको अवस्था पनि चुलिएको नेपालमा हाल १७ वटा विकास बैंकहरू सञ्चालनमा रहेको भए तापनि १४ विकास बैंकले मात्रै ०७९-८० को विवरण सावजनिक गरेका छन् । सार्वजनिक गरिएको बैंकहरूको विवरण हेर्ने हो भने १९ प्रतिशतसम्म खराब कर्जा भएका बैंकहरूको अवस्था झल्किन्छ । एक्सेल, सहारा र सप्तकोसी डेभलपमेन्ट बैंकको विवरण प्राप्त नभए तापनि नारायणी डेभलपमेन्ट बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, कर्णाली डेभलपमेन्ट बैंक, महालक्ष्मी डेभलपमेन्ट बैंक र ग्रिन डेभलपमेन्ट बैंकको खराब निष्क्रिय कर्जाको प्रतिशत क्रमशः १८.४०, ४.२९, ३.९२, ५.५१ र ३.३० प्रतिशत छ ।

जब निष्क्रिय कर्जा बढ्दै जान्छ तब बैंकहरू अस्तव्यस्त बन्न थाल्छन् । विकास बैंकहरूकै कुरा गर्दा सांग्रिला डेभलपमेन्ट बैंक, लुम्बिनी विकास बैंक, कामना सेवा विकास बैंक, ज्योति विकास बैंक र साइन रेसुङ्गा डेभलपमेन्ट बैंकको निष्क्रिय कर्जाको प्रतिशत क्रमशः ३.६, ३.०१, २.९८, २.८६र १.८१ प्रतिशत छ । त्यसैगरी गरिमा विकास बैंकको निष्क्रिय कर्जाको प्रतिशत क्रमश १.५५ हुँदा सिन्धु विकास बैंकको निष्क्रिय कर्जा १.३४ प्रतिशत रहेको छ । मितेरी डेभलपमेन्ट बैंक र मुक्तिनाथ विकास बैंकको निष्क्रिय कर्जाको प्रतिशत क्रमशः १.२५ र ०.८९ प्रतिशत छ । यी विवरणहरूले के देखाउँछ भने विकास बैंकहरूको खराब तथा निष्क्रिय कर्जा बढ्दै गएको र यही अनुपातमा बढ्दै जाने हो भने नेपालका बैंकहरूको भविष्य संकटपूर्ण हुने भएकाले समयमा यसलाई सम्बोधन गर्नु जरुरी छ ।

अर्कातर्फ केही समयअगाडि चरम समस्यामा रहेका बैंकहरूमा हाल केही सुधार देखिएको छ। कुनै समय तरलताको समस्या, कुनै समय वित्तीय प्रणालीमा समस्या झेल्दै आएको बैंकिङ क्षेत्रले हाल अधिक निक्षेपको समस्या भोगिरहेको छ, अर्थात् तरलता बढेको छ। ब्याजदर उच्च हुँदा कर्जाको माग हुँदैन भने नेपालका निजी क्षेत्रसँग ठूलो खालको कर्जाका लागि सोही स्तरका योजनाहरू छैनन् । पछिल्लो समयमा मौद्रिक नीतिले ब्याजदर कम गर्ने तथा बैंक तथा वित्तीय क्षेत्रलाई केही राहत हुने नीति ल्याएको भए तापनि त्यसको कार्यान्वयन पक्ष र समयावधिले बैंकिङ क्षेत्रको अवस्थालाई समेत चित्रण गर्नेछ । एकातिर बैंक तथा वित्तीय संस्थाहरूसँग लगानीयोग्य रकमको अभाव भयो भने समग्र लगानी क्षेत्र प्रभावित हुने गर्छ ।

अर्कातिर ब्याजदर बढ्ने मात्रै होइन, व्यावसायिक लागत बढ्छ भने निर्यातमा समेत असर गरी आर्थिक वृद्धिमा समस्या आउने गर्छ । नेपालमा पछिल्लो समयमा पुँजी पलायनको समस्या पनि देखा पर्न थालेको छ, जसले पनि बैंकिङ क्षेत्रमा समस्या देखा पर्न सक्छ । नेपालमा सञ्चालनमा रहेका वाणिज्य बैंकहरूले पछिल्लो समयमा ब्याजदर पनि बढाएका छन् । २० वटा वाणिज्य बैंकमध्ये १२ वटाले मुद्दती निक्षेपमा ब्याजदर बढाएका छन् भने केही बैंकको ब्याजदर अझै पनि स्थिर छ। भाद्र महिनाका लागि अधिकतम ब्याजदर प्रतिशतमा तोक्दै गर्दा नेपाल बैंकको अधिकतम ब्याजदर क्रमशः १०.८९ प्रतिशत, कृषि विकास बैंकको १०.८९, कुमारी बैंकको १०.८९ र ग्लोबल आईएमई बैंकको १०.८९ प्रतिशत रहेको छ । त्यसैगरी सिटिजन बैंक, एनआईसी एसिया र सानिमा बैंकको ब्याजदर प्रतिशत क्रमशः १०.८९ प्रतिशत र सोहीअनुरूप रहँदा नबिल बैंक र सनराइज बैंकको ब्याजदर १०.४९ प्रतिशत रहेको छ ।

तर, प्राइम कमर्सियल बैंकको ब्याजदर १०.०५ प्रतिशत छ । एकातिर प्रभु बैंक र एभरेस्ट बैंकको ब्याजदर समान १० प्रतिशत रहँदा सिद्धार्थ बैंक, राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे बैंक, एनएमबी बैंक, हिमालयन बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र नेपाल एसबीआई बैंकको ब्याजदर ९.९९ प्रतिशत रहेको छ भने स्ट्यान्डर्ड चार्टर्ड बैंकको भाद्र महिनाको लागि निक्षेप ब्याजदर ८.९२ प्रतिशत रहेको छ । आर्थिक वर्ष ०७८-७९ मा अर्थतन्त्रमा मन्दी देखा परे पनि बैंकहरूको नाफामा खासै गिरावट आएको थिएन । वित्तीय विवरणहरू हेर्ने हो भने अधिकांश वाणिज्य बैंकको खुद नाफा आव ०७८-७९ को तुलनामा आव ०७९-८० मा बढेको देखिन्छ । तर, बैंकहरुको प्रतिसेयर आम्दानीमा भने गिरावट आएको छ ।

पुँजी वृद्धिको तुलनामा नाफा कम हुँदा यस्तो समस्या आउने गर्छ । हुन त बैंकका बारेमा बुझ्नका लागि नाफा र कर्जाको विश्लेषण मात्रै पर्याप्त हुँदैन । वित्तीय विवरणका आधारमा खुद नाफा, जगेडा कोष, निक्षेप संकलन, कर्जा लगानी, निष्क्रिय कर्जा, नोक्सानी व्यवस्था, प्रतिसेयर आम्दानी, प्रतिसेयर नेटवर्थ, मूल्य आम्दानी अनुपातलगायतका सूचकहरूको विश्लेषण गर्नु आवश्यक हुन्छ । नाफाको सन्दर्भमा नबिल बैंक, ग्लोबल आईएमई बैंक र राष्ट्रिय वाणिज्य बैंक क्रमशः अग्रस्थानमा छन् भने नाफाको वृद्धिदरमा स्ट्यान्डर्ड चार्टर्ड बैंक अगाडि छ । सबैभन्दा कम नाफा माछापुच्छ्रे बैंकले कमाएको छ ।

वितरणयोग्य नाफाको सन्दर्भमा एभरेस्ट बैंक सबैभन्दा अगाडि छ भने त्यसलाई एनआईसी एसियाले पछ्याएको छ । जगेडा कोषको सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंक सबैभन्दा अगाडि छ भने सबैभन्दा पछाडि माछापुच्छ्रे बैंक रहेको छ । निक्षेपको सन्दर्भमा नौवटा वाणिज्य बैंकको निक्षेप औसतभन्दा बढी ४ खर्ब २६ अर्ब ३३ करोड निक्षेप गर्दा अन्य बैंकहरूले २ खर्बभन्दा बढी निक्षेप गरेको देखिन्छ। खराब कर्जा बढेको छ भने कर्जा नोक्सानी व्यवस्थाको प्रवृत्तिसमेत उस्तै छ । कर्जा प्रवाहको सन्दर्भमा नौवटा वाणिज्य बैंकको कर्जा प्रवाह औसतभन्दा बढी छ भने प्रतिसेयर नेटवर्थको सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंक अगाडि देखिन्छ । तर, १२ वटा बैंकको औसतभन्दा कम छ। मूल्य आम्दानीको अनुपात सबैभन्दा बढी कुमारी बैंकमा देखिँदा प्रतिसेयर आम्दानी एनआईसी एसिया बैंकको बढी छ ।

समग्रमा, नेपालको राजनीतिक अस्थिरताका कारण बैंकहरूको अवस्थामा समेत उतारचढाव आएको छ भने पछिल्लो समयमा बैंकमा खराब कर्जा र निष्क्रिय कर्जाले गर्दा समस्या सिर्जना हुन थालेको छ । एकातिर ब्याजदरमा उतारचढाव भइरहने, अर्कातिर निक्षेप ब्याजदर र कर्जा ब्याजदरमा देखिने अन्तरले नेपालका बैंकहरू भविष्यमा खुम्चँदै जाने कुरा स्पष्ट छ । नियमनकारी निकायले उचित कदम चाल्न सकेको खण्डमा मात्र बैंकिङ क्षेत्रको समस्यालाई केही हदसम्म सम्बोधन गर्न सकिन्छ । मर्जर वा प्राप्ति तथा ब्याजदरको रटान मात्रै समस्याको समाधान होइन । त्यसैले बैंक तथा वित्तीय क्षेत्रको अध्ययन तथा अनुसन्धान गरी उचित नीतिका साथ बैंकिङ क्षेत्र अगाडि बढाउनु जरुरी छ। (स्रोतः कारोबार दैनिक)

# हार्दिक श्रद्धाञ्जली



स्व. तुल्सी थापा

जन्म:
२००२ असोज ३ गते

स्वर्गारोहण:
२०८० भदौ ८ गते

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका यस प्रतिष्ठानका पूर्वअध्यक्ष आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । **आज सातौं दिनको पूण्यतिथि**मा स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

**केशवलाल श्रेष्ठ, अध्यक्ष**

**एवम् भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान परिवार**

**हेटौंडा, मकवानपुर**

# हार्दिक श्रद्धाञ्जली



स्व. तुल्सी थापा

जन्म:
२००२ असोज ३ गते

स्वर्गारोहण:
२०८० भदौ ८ गते

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । **आज सातौं दिनको पूण्यतिथि**मा स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस परिवार**

**हेटौंडा-४, मकवानपुर**

# हार्दिक श्रद्धाञ्जली

हामीले हाम्रा अभिभावक गुमायौं । हाम्रा अभिभावकको स्वर्गमा बास होस् । **आज सातौं दिनको पूण्यथितिमा** उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।



**स्व. तुल्सी थापा**
**जन्म: २००२ असोज ३ गते**
**स्वर्गारोहण: २०८० भदौ ८ गते**

**श्रीमती चुन्नु थापा**

**छोरा/बुहारी**
समीर थापा/शान्ति थापा

**छोरी/ज्वाइँ**
सन्जु थापा/राधेश्याम तण्डुकार
अञ्जु थापा/भुवन भुजेल

**भाइबुहारी**
रमेश थापा/शोभा थापा

**बहिनी/ज्वाई**
केशरी थापा
शान्ति थापा
शोभा थापा
उषा थापा/कमल थापा
बेली थापा/रविन्द्र थापा
चमेली थापा/अर्जुन बिष्ट
गीता थापा
रिता थापा/उद्धव थापा

**भतिज/बुहारी, भतिजी/ज्वाइँ**
रक्षक थापा/बालकुमारी थापा
रक्षा थापा/लक्ष्मण दर्लामी
रोचक थापा/गंगा थापा

**भान्जाभान्जी**
राजु/रतन/भुवन/भुषण/प्रवल /सवल/गम्भीर थापा/
जनक/कमल/
सरोज/भावना/ईन्दु/सरिता/नानु/निलिमा/बिनिता/लल्लु/सब्बु/
अधिकार/आभार
/उपमा/उपासना/लक्ष्मी/भगवती/सुशीला/सीता/
कविता/मीना/बनु/सानु/हेमा/शर्मिला

**नातानातिनी**
रेश्मिना तण्डुकार/तेजश्वी थापा/लिसरा भुजेल/सोयुज तण्डुकार/
शोभाना थापा/सार्थक थापा/सरा थापा

**थापा परिवार**

**हेटौंडा-११, नवलपुर**

# हार्दिक श्रद्धाञ्जली



**जन्म**
**२००२ असोज ०३**

**स्वर्गारोहण**
**२०८० भाद्र ०८**

**स्व. तुल्सी थापा**

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्वअध्यक्ष, दाना कविताका सर्जक, निवन्धकार, नाटक लेखक आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । **आज सातौं दिनको पूण्यतिथि**मा स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

निमेष निखिल, संयोजक
**एवम् सर्जक सञ्जाल मकवानपुर परिवार**

आरसि रिजाल, अध्यक्ष
**एवम् बुद्यौली साहित्य समाज मकवानपुर परिवार**

अनिता न्यौपाने, अध्यक्ष
**एवम् साहित्य संगम मकवानपुर परिवार**

राजकुमार लामिछाने, अध्यक्ष
**एवम् सिस्नुपानी नेपाल मकवानपुर परिवार**

विश्वनाथ सञ्जेल, अध्यक्ष
**एवम् झरना साहित्यिक परिवार मकवानपुर परिवार**

माधव बहादुर पोखेल
**एवम् मातृभूमि साहित्य समाज मकवानपुर परिवार**

भावना सापकोटा, अध्यक्ष
**एवम् आचल साहित्य कला पुञ्ज परिवार**

केशव समर्पण, अध्यक्ष
**एवम् गजल मञ्च मकवानपुर परिवार**

डीबी बर्तौला, अध्यक्ष
**एवम् मुक्तक मञ्च मकवानपुर परिवार**

किशन पौडेल, अध्यक्ष
**एवम् लघुकथा चौतारी मकवानपुर परिवार**

प्रशन्ना चौलागाई, अध्यक्ष
**एवम् नवसर्जक साहित्य चौतारी नेपाल परिवार**

महेन्द्र ओझा, प्रोप्राइटर
**एवम् एनए साहित्य टिभि परिवार**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ